# स्थानीय राजपत्र

## लेकवेशी नगरपालिकाद्वारा प्रकाशित

*खण्ड:८) लेकवेशी नगरपालिका, कल्याण, सुर्खेत, फाल्गुन ७ गते, २०८१ साल संख्या: ९*

## भाग - २

### लेकवेशी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालयको

### सूचना

नेपालको संविधान बमोजिम लेकवेशी नगरपालिकाको नगर कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**<u>लेकवेशी नगरपालिकाको विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यान्वयन कार्यविधि, २०८१</u>**

स्वीकृत मितिः २०८१/११/०७

प्रमाणिकरण मितिः २०८१/११/०७

# विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यान्वयन कार्यविधि, २०८१

**प्रस्तावनाः**

जनसाङख्यिक संरचनामा आएको परिवर्तन, तिव्र सहरीकरण, सडक यातायातको पहुँचमा भएको वृद्धि, ठुला र आवाशिय विद्यालय प्रतिको आर्कषण बढ्दै गएकोले सामुदायिक विद्यालयहरुमा आधारभूत पूर्वाधार विकास गर्न, गुणस्तरीय शिक्षा, दक्ष विषयगत शिक्षकको व्यवस्था, सिकाई वातावरणको सुनिश्चितता, विद्यालय शिक्षा क्षेत्र योजना तथा लेकवेशी नगरपालिकाको १० वर्षे शिक्षा योजना, २०८१ लाई कार्यान्वयन गर्न लेकवेशी नगरपालिका क्षेत्र भित्रका प्रारम्भिक बाल शिक्षा देखि कक्षा १२ सम्मको विद्यालयको शिक्षालाई गुणस्तरीय, आवश्यकताका आधार र समयानुकूल बनाउन दुई वा दुई भन्दा बढी आधारभूत तथा माध्यमिक विद्यालयहरूलाई एउटा विद्यालयमा गाभी विद्यालय समायोजन र विद्यार्थी संख्याका अनुपातमा शिक्षक व्यवस्थापन गर्न दरबन्दी मिलान सम्बन्धी कार्यलाई व्यवस्थित गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (ज) र लेकवेशी नगरपालिकाको शिक्षा ऐन, २०७८ को दफा ५७ ले दिएको अधिकार प्रयोग गरी लेकवेशी नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद - १
## संक्षिप्त नाम र प्रारम्भ

१ **संक्षिप्त नाम र प्रारम्भः** यो कार्यविधिको नाम **"विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यान्वयन कार्यविधि, २०८१"** रहने छ ।

२. यो कार्यविधि लेकवेशी नगरपालिका अन्तरगतका सम्पूर्ण सामुदायिक र संस्थागत दुवै प्रकारका विद्यालयको हकमा लागु हुनेछ ।

३. यो कार्यविधि लेकवेशी नगरपालिकाको नगर कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

४. **विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) **"ऐन"** भन्नाले लेकवेशी नगरपालिकाको शिक्षा ऐन, २०७८ (प्रथम संशोधन २०८१) लाई सम्झनुपर्छ ।

(ख) **"नियमावली"** भन्नाले शिक्षा नियमावली, २०५९ (संशोधन सहित) लाई सम्झनु पर्छ ।

(ग) **"मन्त्रालय"** भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सम्झनुपर्छ ।

(घ) **"केन्द्र"** भन्नाले शिक्षा तथा मानवश्रोत विकास केन्द्रलाई सम्झनुपर्छ ।

(ङ) **"नगरपालिका"** भन्नाले लेकवेशी नगरपालिकालाई सम्झनु पर्छ ।

(च) **"कार्यपालिका"** भन्नाले लेकवेशी नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(छ) **"शिक्षा समिति"** भन्नाले लेकवेशी नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनु पर्छ ।

(ज) **"नगर प्रमुख"** भन्नाले लेकवेशी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ।

(झ) **"नगर उप-प्रमुख"** भन्नाले लेकवेशी नगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्छ ।

(ञ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले लेकवेशी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ट) **"शाखा"** भन्नाले लेकवेशी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

(ठ) **"शिक्षा अधिकृत"** भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा कार्य गर्न तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(ड) **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकारबाट अनुदान प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ढ) **"संस्थागत विद्यालय"** भन्नाले सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ण) **"सामुदायिक विद्यालय समायोजन"** भन्नाले ऐनको दफा १५ र नियमावलीको नियम १२ (क), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (ज) अनुसार दुई वा दुई भन्दा बढी विद्यालयहरू एक आपसमा गाभ्ने वा एक आपसमा गाभी नयाँ विद्यालय स्थापना गर्ने वा विद्यालयको तह वा कक्षा घटाउने, बढाउने वा विद्यालय बन्द गर्ने समेतका कार्यलाई सम्झनु पर्छ ।

(त) **"विद्यालय शिक्षा क्षेत्र योजना"** भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा सन् २०२१ देखि सन् २०३० सम्म राष्ट्रिय रूपमा कार्यान्वयन गर्ने गरी स्वीकृत शैक्षिक योजना तथा कार्यक्रमलाई सम्झनु पर्छ ।

(थ) **"दरबन्दी मिलान"** भन्नाले तोकिएको मापदण्ड बमोजिम कुनै विद्यालयको दरबन्दी कट्टा गर्ने, कुनै विद्यालयमा थप्ने र शिक्षक व्यवस्थापन गर्ने समेतको कार्यलाइ सम्झनु पर्छ ।

(द) **"दरबन्दी"** भन्नाले नेपाल सरकारबाट स्वीकृत स्थायी, राहत र संख्या गणनाको लागि अनुदान कोटामा कार्यरत कोटा सम्झनु पर्छ ।

## परिच्छेद - २

## विद्यालय समायोजन र दरबन्दी मिलान सम्बन्धी व्यवस्था

**५. विद्यालय समायोजनः**

(क) यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विद्यालयमध्ये एक विद्यालय अर्को विद्यालयको नजिक दूरीमा रहेर सीमित जनसङख्यालाइ सेवा पुर्याएका तर आधारभूत विद्यालय कक्षा १-३ वा १-५ वा १-८) का रूपमा सञ्चालन गर्नका लागि न्यूनतम आधारहरू पनि पूरा हुन नसक्ने विद्यालयलाई नजिकका विद्यालयसँग गाभी सञ्चालनमा ल्याईनेछ ।

(ख) माध्यमिक तह (कक्षा ९-१० वा ९-१२) सञ्चालनमा रहेका विद्यालयहरूका लागि पनि यो व्यवस्था लागु हुनेछ ।

(ग) विद्यालय समायोजन वा गाभ्ने सम्बन्धी ऐन तथा नियमावली, नगर शिक्षा ऐन, २०७८ र यस कार्यविधिको व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा नगर शिक्षा समितिले निर्णय प्रकृयामा सरलीकृत गर्नेछ ।

(घ) विद्यालय समायोजन र दरबन्दी मिलानका लागि आवश्यक सहयोग जुटाउन नगरपालिकाले सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य गर्नेछ ।

(ङ) नगरपालिकाबाट विद्यालय समायोजन र दरबन्दी मिलानका कार्यको अनुगमन, मूल्याङ्कन तथा उपलब्धिको समीक्षा गरी प्रभावकारी कार्यान्वयन र थप अध्ययनका लागि निर्देशन दिन सक्नेछ ।

(च) यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि समायोजन भएका प्रारम्भिक बाल शिक्षा र विद्यालयहरुलाई यस कार्यविधि बमोजिम भएको मानिनेछ ।

६. **विद्यालय समायोजनका आधारहरूः**

(क) संघीय शिक्षा ऐनको दफा १५ र नियमावलीको नियम १२ (क) का अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नगरपालिकाको नगर शिक्षा ऐन, २०७८ ले दिएका अधिकार प्रयोग गरी नगर शिक्षा समितिले दुई वा दुई भन्दा बढी सामुदायिक विद्यालयहरुलाई गाभी एउटा विद्यालयमा कायम गर्न वा स्थान परिवर्तन गर्न वा तह तथा कक्षा घटाउन वा थप्न देहायका आधारमा गर्न सकिनेछ ।

(१) दुई वा सो भन्दा बढी विद्यालयका परीसर एक आपसमा जोडिएको,

(२) दुई वा सो भन्दा बढी विद्यालय बीचको पैदल दूरी ३० मिनेट भन्दा कम रहेको वा यातायातको साधनवाट ३० मिनेट भन्दा कम समय लाग्ने भएमा,

(३) कुनै विद्यालयमा देहायको विद्यार्थी सङख्या कायम नरहेमा र भविष्यमा पनि उक्त विद्यार्थी सङख्या पुग्ने पर्याप्त आधार नदेखिएमा,

| क्र.सं. | कक्षा | न्यूनतम विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|
| १ | बालविकास केन्द्र | १० | |
| २ | १-३ | ३० | |
| ३ | ४-५ | ३० | |
| ४ | ६-८ | ४५ | |
| ५ | ९-१० | ४० | |
| ६ | ११-१२ | ४० | |

तर नजिकका दूरीमा अन्य विद्यालय नभएका तथा अलग्गै बस्ती भएको भौगोलिक विकटता भएमा त्यस्ता विद्यालय र दूरी आधा घण्टा भन्दा बढी भएको तर न्यूनतम विदयार्थी संख्या नपुगेमा पनि विद्यालय गाभ्न बाध्य पारिने छैन ।

(ख) नजिकका दूरीमा रहेका र आपसमा गाभिएर उच्च तहका विद्यालयको हैसियत प्राप्त गर्न चाहने दुई वा सोभन्दा बढी विद्यालयहरु, विद्यालयको स्तर वृद्धि गर्न आवश्यक विद्यार्थी संख्या, भौतिक अवस्था र समुदायबाट प्रर्याप्त सहयोग हुन नसकि विद्यार्थी शिक्षक तथा विद्यालयहरु बीच प्रतिस्पार्धात्मक अवस्था सृजना हुन नसकेका विद्यालयहरु, माध्यमिक तहमा ठुला विद्यालय (Big School) सञ्चालन गर्न समुदायमा नजिकको दुरीमा सञ्चालनमा रहेका र समुदायको पहल र चाहना अनुसार माध्यमिक तहका ठुला विद्यालय सञ्चालन गर्न सहमत भएका दुई वा सो भन्दा बढी विद्यालयहरु आपसमा समायोजन गरी प्रर्याप्त भौतिक पूर्वाधार, जनशक्ति र आवश्यक सिकाई वातावरण सहितको ठुला सार्वजनिक माध्यमिक विद्यालय सञ्चालन गरिने छ ।

(ग) आवासीय विद्यालय सञ्चालनका लागि एक तहबाट अर्को तहको विद्यालयमा भर्ना भई उपल्लो कक्षाहरुमा पढाईलाई निरन्तरता दिन भौगोलिक विकटता भएका स्थानका बालबालिकाहरुलाई उनीहरुको उमेर, विद्यालय आवत-जावतमा लाग्ने विद्यालयहरु बीचको दुरी, सुरक्षा जस्ता पक्षबाट असम्भव भएका स्थानका बालबालिकाहरुलाई पायक पर्ने गरि आवासीय विद्यालय सञ्चालन गर्न, नमूना विद्यालय विकास गर्न दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा समायोजन गरी सार्वजनिक विद्यालयहरुलाई स्थानीय समुदायको आकर्षणको केन्द्र बनाइने छ ।

(घ) विद्यालय नक्साङ्कन गरी स्थानीय तहले हाल सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको उचित व्यवस्थापनका लागि जि.पी.एस. पद्दतिमा आधारित नक्साङ्कन गरी दीर्घकालिन रुपमा विद्यालयहरुको पुनःव्यवस्थापन गरिनेछ ।

(ङ) विद्यालय गाभिए पछि कायम भएको विद्यालयको नाममा गाभिने विद्यालयहरूका सबै चल, अचल सम्पत्तिको संरक्षण गर्ने जिम्मेवारी नयाँ कायम हुने विद्यालयको हुनेछ ।

(च) खण्ड (ङ) बमोजिम सम्पत्ति दाखिला, खारेज भएको व्यहोराको जानकारी नगरपालिका, मानव स्रोत विकास केन्द्र र मन्त्रालयलाई समेतलाई दिनु पर्नेछ ।

(छ) बाल विकास शिक्षा प्रत्येक समुदायिक विद्यालयमा एक कक्षा सञ्चालन गरिनेछ र तोकिएको मापदण्डका आधारमा बालविकास कक्षा थप्न र घटाउन सकिने छ ।

(ज) नगरपालिका भित्र सञ्चालित दुई वा दुई भन्दा बढी संस्थागत विद्यालयहरुले विद्यालय गाभ्नका लागि विद्यालय व्यवस्थापन समितिका सिफारिस सहित माग भई आएमा नगर शिक्षा समितिले त्यस्ता विद्यालयहरुलाइ गाभ्न सक्नेछ ।

(झ) नगरपालिका भित्र सञ्चालनमा रहेका संस्थागत विद्यालयहरु नियमावलीले निर्धारण गरेको न्यूनतम पूर्वाधार पूरा नगरेमा नगर शिक्षा समितिले त्यस्ता विद्यालयहरुको स्थलगत अनुगमन गरी नियमानुसार न्यूनतम पूर्वाधार भएका वा नभएका विद्यालयको सञ्चालक समिति र वडा शिक्षा समितिको राय लिई गाभ्न वा बन्द गर्न सक्नेछ ।

(ञ) विद्यालय समायोजन निर्देशिका, २०८१ लाई प्रभावकारी कार्यान्वयनका लागि नगर शिक्षा समितिले थप मापदण्ड बनाउन सक्नेछ ।

(ट) संस्थागत विद्यालयहरुले साविकको जिल्ला शिक्षा कार्यालय वा यस नगरपालिकाबाट प्राप्त अनुमति अनुसारका तह वा कक्षा सञ्चालन गरेको नपाईएमा नगर शिक्षा समितिले त्यस्ता विद्यालयको सञ्चालनमा नआएका तह वा कक्षा घटाउन वा हटाउन सक्नेछ ।

**७. दरबन्दी मिलान समितिः**

(क) यस कार्यविधिका आधारमा दरबन्दी मिलान गर्नका लागि देहायको ५ सदस्यीय दरबन्दी मिलान समिति रहने छः

(१) शिक्षा युवा तथा खेलुखकुद शाखा प्रमुख संयोजक - संयोजक
(२) स्थानीय शिक्षक महासंघ अध्यक्ष - सदस्य
(३) स्थानीय शिक्षक महासंघ सचिव - सदस्य

(४) सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्येवाट नगर प्रमुख द्वारा मनोनित १ जना - सदस्य

(५) शिक्षा अधिकृत वा शिक्षा अधिकृत नभएमा शिक्षा शाखामा काम गर्ने सहायक कर्मचारी - सदस्य सचिव

(ख) समितिले बैठकमा नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, शिक्षाविद् तथा पेशागत संगठनका प्रमुख एव प्रतिनिधि एवं अन्य सरोकारवालालाई आमन्त्रित सदस्यका रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(ग) दरवन्दी मिलान समितिवाट प्राप्त दरबन्दी मिलान वा शिक्षक पदस्थापन, शिक्षक व्ययवस्थापन कार्यलाई नगर शिक्षा समितिबाट स्वीकृत गराई कार्यान्वयन गरिनेछ ।

(घ) शिक्षक सेवा आयोगबाट सुरु नियुक्तिका लागि सिफारिस भई नियुक्ति लिई पदस्थापना हुन आएका शिक्षकको हकमा शिक्षक सेवा आयोगबाट तोकिए बमोजिम पदस्थापना गरिनेछ ।

**८. दरबन्दी मिलानका आधारहरुः**

(क) नगर शिक्षा समितिले प्रारम्भिक बाल शिक्षा देखि कक्षा ५ सम्म सञ्चालन भएका विद्यालयहरुमा न्यूनतम रुपमा प्रति कक्षा एक जना शिक्षक रहने गरी र माथिल्लो कक्षाहरुमा विषयगत रुपमा शिक्षक व्यवस्थापन गर्ने कार्यलाइ प्राथमिकताका साथ अगाडी बढाइनेछ ।

(ख) शिक्षक विद्यार्थी अनुपात कम भएका विद्यालयका शिक्षकहरुलाइ दरबन्दी कम भएका वा दरबन्दी नभएका विद्यालयहरुमा शिक्षक व्यवस्थापन गर्न दरबन्दी मिलानका देहायका आधारहरु लिईनेछः

(१) दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा गाभिएमा,

(२) शिक्षक विद्यार्थी अनुपात तपसिलका भन्दा कम भएमा,

| क्र.सं. | कक्षा | न्यूनतम शिक्षक | कैफियत |
|---|---|---|---|
| १ | १-३ | ३ | प्रारम्भिक बालशिक्षा सहित (समावेशीताको आधार अनुसार |

| क्र.सं. | कक्षा | न्यूनतम शिक्षक | कैफियत |
|---|---|---|---|
| २ | १-५ | ४ | प्रारम्भिक बालशिक्षा सहित (समावेशीताको आधार अनुसार |
| ३ | ६-८ | ३ | भाषा, गणित/ विज्ञान र सामाजिक |
| ४ | ९-१० | ३ | भाषा, गणित/ विज्ञान र सामाजिक |
| ५ | ११-१२ | २ | नेपाली र अंग्रेजी |

(३) यस कार्यविधिमा उल्लेखित न्यूनतम शिक्षक दरबन्दी संख्याभन्दा बढी भएका विद्यालयमा शिक्षक विद्यार्थी अनुपात देहाय बमोजिम भएमा तहगत वा विषयगत रुपमा निवेदन माग गरी जेष्ठताका आधारमा र सो नभएमा कनिष्टताका नियुक्तिका आधारमा नजिकको सम्बन्धित वडाका विद्यालय वा अन्य वडाहरुको विद्यालयमा दरबन्दी सहित शिक्षकलाई व्यवस्थापन गरिनेछ ।

| क्र.सं. | कक्षा | शिक्षक, विद्यार्थी अनुपात |
|---|---|---|
| १ | १-३ | १:२५ |
| २ | १-५ | १:३० |
| ३ | ६-८ | १:३५ |
| ४ | ९-१० | १:४० |
| ५ | ११-१२ | १:४५ |

(ग) एउटै विद्यालयमा पाँच वर्ष वा सो भन्दा बढी सेवा प्रदान गरेका स्थायी, अस्थायी, राहत, बालविकास, संघीय अनुदान, नगर अनुदानमा कार्यरत

शिक्षकलाई अवश्यकता अनुसार अन्य विद्यालयमा दरबन्दी मिलान वा पदस्थापना वा शिक्षक व्यवस्थापन गर्न सक्नेछ ।

(घ) विद्यालयको विषयगत मिलान लाई समेत मध्यनजर गर्दै सम्बन्धित तहका लागि योग्यता भएका र मिल्ने विषय भएमा शिक्षकलाई तह अनुसार रिक्त दरबन्दीमा शिक्षक व्यवस्थापन वा पदस्थापन वा दरबन्दी मिलान गर्न सक्नेछ ।

(ङ) पालिका भित्र सम्बन्धित तहमा दरबन्दी रिक्त भएमा अपाङ्गता भएका शिक्षकहरु, महिला शिक्षकहरु, काजमा रहेका तथा अन्य शिक्षकहरुलाई प्राथमिकताको आधारमा रिक्त रहेको विद्यालयको समान तहका दरबन्दीमा नगर शिक्षा समितिले शिक्षक व्यवस्थापन वा पदस्थापना गरी दरबन्दी मिलान गर्न सक्नेछ ।

(च) विद्यालयमा सन्तोषजनक कार्यसम्पादन गर्न नसकेमा वा विद्यालय व्यवस्थापन समितिबाट पटक-पटक गुनासो आएमा शिक्षक वा प्रधानाध्यापकलाई शिक्षा युवा तथा खेलकुद शाखाको सिफारिसमा समान तहको दरबन्दी भएको विद्यालयमा नगर शिक्षा समितिले दरबन्दी मिलान, शिक्षक व्यवस्थापन वा पदस्थापना गर्न सक्नेछ ।

(छ) कुनै पनि प्रकारका दरबन्दी नभएका तर न्यूनतम विद्यार्थी संख्या भई सञ्चालनमा आएका विद्यालयहरुमा दरबन्दी मिलानका क्रममा शिक्षक व्यवस्थापनमा प्राथमिकतामा राखिनेछ ।

(ज) कक्षा १-३ र कक्षा १-५ मा विद्यार्थी संख्या कम एवं अन्य आधारमा दरबन्दी कटौती भई मिलान भएको अवस्थामा उक्त विद्यालयमा बहुकक्षा शिक्षण विधिको प्रयोग गरी कक्षा सञ्चालन गर्नु पर्नेछ । सो को लागि स्थानीय तहबाट आवश्यक सहयोग, समन्वय र सहजीकरण गरिनेछ ।

(झ) सामुदायिक विद्यालयहरुमा दरबन्दी मिलान वा शिक्षक पदस्थापन वा शिक्षक व्यवस्थापन कार्य गर्दा विद्यालय एव विद्यालय व्यवस्थापन समितिको सहमति तथा अनुमति नभए पनि गर्न सकिनेछ ।

(ञ) दरबन्दी मिलान कार्यलाइ थप प्रभावकारी बनाउन नगर शिक्षा समितिले यस कार्यविधि बमोजिम थप मापदण्ड बनाई कार्य गर्न सक्नेछ ।

(ट) माथि जुनसुकै कुरा लेखिएको भएता पनि सुरू सिफारिस भई नियुक्ति लिई पदस्थापना हुने शिक्षकको हकमा बाहेक अन्य अवस्थामा रिक्त दरबन्दीमा शिक्षक पदस्थापन कार्य वा शिक्षक व्यवस्थापन कार्यलाई पनि दरबन्दी मिलान कार्यको रुपमा लिईनेछ ।

**९. विद्यालयको स्तरवृद्धिका लागि समायोजनः**

(क) आधारभूत र माध्यमिक विद्यालयका रुपमा हाल सञ्चालनमा रहेका तर स्तर वृद्धि गर्न आवश्यक देखिएका र समायोजनका लागि आधार पूरा नभएका विद्यालयहरुका लागि निम्नलिखित विकल्प छनोट गर्न दिई समायोजन गरिनेछः

(१) कक्षा १-३ सम्म सञ्चालन हुने प्रारम्भिक विद्यालयका रूपमा स्तर वृद्धि गर्ने न्यूनतम आधार पूरा नभएका विद्यालयले समुदाय र स्थानीय निकायसँगको सहकार्यमा प्रारम्भिक बालविकास केन्द्रको रुपमा सञ्चालन हुने विकल्प छान्न पाउनेछन् ।

(२) कक्षा १-५ सम्म सञ्चालन हुने विद्यालयका रुपमा स्तर वृद्धि गर्न आधार पूरा नभएका विद्यालयले कक्षा १-३ सम्मको प्रारम्भिक विद्यालयका रुपमा सञ्चालनमा रहन पाउनेछन् ।

(३) कक्षा १-८ सम्म सञ्चालन हुने आधारभूत विद्यालयका रूपमा स्तर वृद्धि भई सञ्चालनमा आउन आधारहरू पूरा नभएका विद्यालयले कक्षा १-५ सम्मको विद्यालयका रूपमा सञ्चालन हुन पाउनेछन् ।

(४) कक्षा ९-१० सम्म सञ्चालन हुने माध्यमिक विद्यालयका रुपमा स्तर वृद्धि भइ सञ्चालनमा आउन आधारहरू पूरा नभएका विद्यालयले आधारभुत विद्यालयका रुपमा सञ्चालन हुन पाउने छन् ।

(५) कक्षा ११ - १२ सम्म अनुमति/स्वीकृती लिई न्यून विद्यार्थी भइ आधारभूत भौतिक सुविधा समेत नभएका विद्यालयहरूले कक्षा १० सम्म माध्यमिक विद्यालयको रुपमा सञ्चालन हुन पाउनेछन् ।

**१०. समायोजन हुन वा गाभिएका विद्यालयको नामाकरणः**

(क) दुई वा दुई भन्दा बढी विद्यालयहरू आपसमा गाभिएर नयाँ ठाउँमा विद्यालय स्थापना हुने भएमा गाभिएका विद्यालयको नाम वा राष्ट्रियता,

स्थानीयता र ऐतिहासिकता झल्किने नयाँ नाम राख्न सकिनेछ । तर शिक्षा नियमावलीको नियम ५४ को विद्यालयका नामाकरण सम्बन्धी व्यवस्था अनुसार कुनै व्यक्ति, स्मारक वा ऐतिहासिक चीजवस्तुका नामबाट विद्यालयको नाम राखिएका रहेछ भने व्यक्ति, स्मारक वा ऐतिहासिक चीजवस्तुका नामबाट विद्यालयको नाम राख्नु पर्नेछ ।

(ख) समायोजन हुने वा गाभिने विद्यालयका सरोकारवाला समुदायले नगर शिक्षा समितिका सिफारिसमा गाभिएका विद्यालय भवनमा शिशु बाल कक्षा, वैकल्पिक शिक्षा, सामुदायिक सिकाइ केन्द्र वा वाचनालय वा अन्य कार्यालय वा कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

(ग) समायोजन भै सञ्चालनमा नरहेका विद्यालय भएको स्थानमा भविष्यमा पुनः विद्यालय सञ्चालनका लागि न्यूनतम विद्यार्थी सङ्ख्या भएमा र विद्यालय सञ्चालन गर्न आवश्यक देखिएमा विद्यालय सञ्चालन गर्न नगर शिक्षा समितिले अनुमति दिन सक्नेछ ।

## परिच्छेद - ३

## भौतिक, शैक्षिक व्यवस्थापन र अनुदान सम्बन्धी व्यवस्था

**११. विद्यालय समायोजन पछि गर्नुपर्ने भौतिक व्यवस्थापनः**

(क) विद्यालय समायोजन वा गाभिएपछि उक्त विद्यालयमा रहेका फर्निचर, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएका विद्यालयको नाममा जिन्सी दाखिला गर्नु पर्नेछ ।

(ख) विद्यालय समायोजन वा गभिएपछि गाभिएका विद्यालयमा रहेका शैक्षिक प्रयोजनमा काम नलाग्ने पुराना शैक्षिक सामग्रीको विवरण तयार गरी त्यस्ता सामानका सालाखाला न्यूनतम मूल्य कायम गरी आवश्यक कारबाहीका लागि सम्बन्धित वडामा पेश गर्नु पर्नेछ र वडा शिक्षा समितिले समर्थन गरेका मूल्यमा लिलाम गरी प्राप्त हुन आएका रकम विद्यालयको कोषमा जम्मा गर्नु पर्नेछ ।

(ग) विद्यालय समायोजन वा गभिएपछि गाभिएका विद्यालयको आयआर्जनमा प्रयोग भएका जग्गा, जमिनमा कृषि, पशुपालन, व्यावसायिक खेती गरिएको

रहेछ भने त्यसको निरन्तरताको लागि गाभिएका विद्यालयले योजना सहित सम्बन्धित वडा कार्यालयमा पेश गर्नु पर्नेछ ।

(घ) अनुमति वा स्वीकृती रद्द गरिएका वा बन्द गरिएका विद्यालयको चल अचल सम्पत्ति नगर शिक्षा समितिको सिफारिसमा नजिकका विद्यालय वा गाभिएका विद्यालयले प्रयोग गर्न पाउने छ ।

१२. **प्राथमिकता दिइनेः**

(क) दुई वा दुई भन्दा बढी विद्यालय एक आपसमा समायोजन भई गाभिएमा त्यसरी गाभिएका विद्यालयको भौतिक एवम् शैक्षिक सुविधा व्यवस्थापनको लागि संघ, प्रदेश र नगरपालिकाबाट प्राप्त हुने बजेट र कार्यक्रममा प्राथमिकता दिइनेछ ।

(ख) विद्यालय समायोजन वा गाभिएपछि उक्त विद्यालयमा भवन, शौचालय, फर्निचर आदि निर्माण गर्न अत्यावश्यक भएमा उक्त कार्यको लागि संघ, प्रदेश वा नगरपालिकामा भौतिक सुविधा विस्तारका शीर्षकमा आउने अनुदान पहिलो प्राथमिकता क्रममा राखि व्यवस्थापन गराउनु पर्नेछ ।

१३. **विद्यालय समायोजन पछि गर्नुपर्ने शैक्षिक व्यवस्थापनः**

(क) विद्यालय समायोजन वा तह वा कक्षा घटाएपछि विद्यालयमा आवश्यकता भन्दा बढी भएका शिक्षकलाई नगर शिक्षा समितिले पुल दरबन्दीमा राखी अर्को व्यवस्था नभएसम्मका लागि समायोजन भएकै वा गाभिएकै विद्यालयमा कामकाज गर्न लगाउन सक्नेछ ।

(ख) गाभिएका विद्यालयमा आवश्यक भन्दा बढी शिक्षक संख्या रहन गएमा नजिकको पायक पर्ने विद्यालयहरूमा आवश्यकता र यस कार्यविधिले तोकेको आधारमा नगर शिक्षा समितिको निर्णयानुसार पदस्थापना गरिनेछ ।

(ग) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि वा पछि विद्यालय समायोजन गर्दा बन्द भएका स्वीकृती प्राप्त विद्यालयको तहगत संख्या नगरपालिकाको पुलमा रहने छ । त्यसरी पुलमा रहेका विद्यालय संख्यामा नबढाई नगरपालिका भित्र नक्साङ्कनका आधारमा विद्यालय खोल्न आवश्यक देखिएमा र

पुर्वाधार पूरा भएको खण्डमा नगर शिक्षा समितिले विद्यालय सञ्चालनको लागि अनुमति दिन सक्नेछ।

**१४. विद्यालय समायोजन पछि गर्नुपर्ने अन्य व्यवस्थापनः**

(क) विद्यालय समायोजन पछि समायोजन भइ जाने विद्यालयको कर्मचारी समेत स्वतः समायोजन भएको मानिनेछ र समायोजन हुने विद्यालयका कर्मचारीको व्यवस्थापन अर्को व्यवस्था नहुञ्जेलसम्म गाभिएर जाने विद्यालयमा नै करारमा व्यवस्थापन गर्न सो अनुदान कोटा नगरपालिकाको पुलमा राखिनेछ, सो वडामा वा नजिकका वडाको कुनै विद्यालयको समान पदको कर्मचारीको पद अनिवार्य अवकाश वा अन्य कारणले रिक्त भएमा त्यस्ता फाजिलमा रहेका वा अवकाश भएका कर्मचारीलाई व्यवस्थापन गरी पुलमा रहेको अनुदान कोटा स्वतः खारेज हुनेछ ।

(ख) विद्यालय समायोजन पछि समायोजन भई जान विद्यालयको प्रारम्भिक बालशिक्षामा कार्यरत सहजकर्तालाइ प्रारम्भिक बालशिक्षा कोटा नभएको विद्यालयमा समायोजन गरिनेछ ।

## परिच्छेद - ४

## विद्यालय समायोजन सम्बन्धी नगरपालिका अन्तर्गतका निकायहरूको कार्य जिम्मेवारी

**१५. विद्यालय व्यवस्थापन समितिको कार्य तथा जिम्मेवारीः** विद्यालय व्यवस्थापन समितिको कार्य तथा जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) विद्यार्थी संख्या कम भई विद्यालयमा शिक्षक व्यवस्थापन गर्न असजिलो भएको भनी आफ्नो विद्यालयको सेवा क्षेत्र भित्रका बालबालिकाहरुको पहुँच विद्यालयमा सहज हुने गरी नजिकका विद्यालयमा समायोजन गर्ने ।

(ख) तह वा कक्षा घटाउने सम्बन्धि निर्णय गर्ने ।

(ग) नगर शिक्षा समितिमा राय पेश गर्ने ।

(घ) विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यमा सहयोग गर्ने ।

१६. **वडा शिक्षा समितिको कार्य तथा जिम्मेवारीः** वडा शिक्षा समितिको कार्य तथा जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) विद्यार्थी संख्याका अनुपातमा विद्यालयमा शिक्षक व्यवस्थापन गर्न र आफ्नो वडा क्षेत्रभित्रका बालबालिकाहरु लाई विद्यालय शिक्षामा समतामूलक पहुँच पुगाउन नेतृत्वदायी भूमिका बहन गर्ने ।

(ख) आफ्नो वडा भित्रका विद्यालयहरुमा विद्यार्थी संख्याका आधारमा शिक्षक व्यवस्थापन गर्न वा तह वा कक्षा थप गर्न तथा घटाउन नगर शिक्षा समितिलाई राय पेश गर्ने तथा विद्यालय समायोजन र दरबन्दी मिलान सम्बन्धी कार्यमा सहयोग गर्ने ।

१७. **शिक्षा युवा तथा खेलकुद शाखाको जिम्मेवारीः** शिक्षा, युवा तथा खेलकुद शाखाको जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) शैक्षिक तथ्याङ्कलाई चुस्त, दुरुस्त राख्ने ।

(ख) दरबन्दी मिलान तथा विद्यालय समायोजनमा आवश्यक तथ्यांक उपलब्ध गराउने ।

(ग) शिक्षा समितिबाट भएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्ने, गराउने ।

(घ) नीति निर्माण निकायलाई आवश्यक सल्लाह, सुझाव र सहयोग गर्ने ।

(ङ) रेकर्ड अभिलेखिकरणलाई चुस्त, दुरुस्त राख्ने ।

१८. **नगर शिक्षा समितिका कार्य तथा जिम्मेवारीः** नगर शिक्षा समितिका कार्य तथा जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) विद्यालय समायोजन वा गाभ्ने कार्यका लागि नगरपालिका भित्रका विद्यालयहरूको अवस्था अध्ययन गरी विद्यालय समायोजन र दरबन्दी मिलान सम्बन्धमा बैठक, छलफल र अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरी सुझावहरु संकलन गर्ने ।

(ख) विद्यालय नक्साङ्कनका आधारमा तोकिएका स्थानमा विद्यालय सञ्चालन गर्ने, गराउने कार्यका लागि सम्बन्धित सरोकारवालाहरूको सहकार्य तथा समन्वयमा विद्यालय रहने स्थान निर्धारण गरी त्यस्ता स्थानका जग्गाका स्वामित्व विद्यालयका नाममा कायम गर्न निर्णय गर्ने ।

(ग) विद्यालय व्यवस्थापन समिति र सम्बन्धित वडा शिक्षा समितिसँग आवश्यकतानुसार परामर्श एवम् छलफल गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र शिक्षा ऐन, नियमावलीले दिएका अधिकार प्रयोग गरी यस कार्यविधिमा भएको व्यवस्था तथा शर्तका आधारमा विद्यालय समायोजन, दरबन्दी मिलान, शिक्षक पदस्थापना तथा शिक्षक व्यवस्थापन गर्ने ।

## परिच्छेद - ५

## आधारभूत तथा माध्यमिक विद्यालयहरुमा प्रधानाध्यापक व्यवस्थापन

१९. नगरपालिका अन्तरगत आधारभूत तथा माध्यमिक विद्यालयहरुमा कुशल र नेतृत्वदायी भूमिका निर्वाह गरी विद्यालयहरुको शैक्षिक गुणस्तर एव सिकाई उपलब्धि बढाउन आधारभूत तथा माध्यमिक विद्यालयहरुमा जेष्ठता, वरिष्ठता र योग्यताका आधारमा प्रधानाध्यापकको व्यवस्थापन गर्न सकिनेछ ।

२०. लेकवेशी नगरपालिका भित्रका जिरो दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालयहरुमा नगरपालिका भित्रका सामुदायिक माध्यमिक विद्यालयहरुमा माध्यमिक तहको दरबन्दीमा कार्यरत स्थायी शिक्षकहरु मध्येबाट निश्चित समयका लागि साविककै विद्यालयमा दरबन्दी रहने गरि काजका रुपमा प्रधानाध्यापक बनाई व्यवस्थापन गर्न सकिनेछ । प्रधानाध्यापकको रुपमा कामकाज गर्नका लागि काजमा पठाइएको उक्त शिक्षकको सट्टामा निज कार्यरत विद्यालयमा माध्यमिक तहको संघीय अनुदानबाट प्राप्त कोटा वा उक्त कोटामा कार्यरत शिक्षकलाई वा नगर शिक्षा अनुदान कोटा वा उक्त कोटामा कार्यरत शिक्षकलाई व्यवस्थापन गर्न सकिनेछ ।

२१. प्रधानाध्यापक व्यवस्थापन गर्दा पहिलो चरणमा माध्यमिक विद्यालयहरु मध्ये जिरो दरवन्दी भएका विद्यालयहरुमा व्यवस्थापन गर्न प्राथमिकता दिइनेछ ।

२२. प्रधानाध्यापकको व्यवस्थापन कार्य कार्यविधिमा उल्लेख भए बमोजिम शिक्षा समितिवाट निर्णय पश्चात् कार्यान्वयन गरिनेछ । सो व्यवस्थालाई थप प्रभावकारी बनाउन शिक्षा समितिबाट थप आधारहरु तय गर्न सकिनेछ । व्यवस्थापन गरिएका प्रधानाध्यापकहरु अनिवार्य रुपमा काज व्यवस्थापन भएको विद्यालयमा जानु पर्नेछ । काज व्यवस्थापन गरिएका प्रधानाध्यापकहरुको तलब, भत्ता एवं

अन्य नियमानुसार पाउने सेवा सुविधा काज व्यवस्थापन भएको विद्यालयवाट काज अवधिभर भुक्तानी दिने व्यवस्था गरिनेछ ।

२३. प्रधानाध्यापकमा काज व्यवस्थापन गरिएका शिक्षकहरुको वृत्ति विकास तथा सेवा अवधि दरबन्दी रहेको विद्यालयमा सेवा गरे सरह हुनेछ ।

२४. प्रधानाध्यापकमा काज व्यवस्थापन भएका शिक्षकहरुबाट विद्यालयको शैक्षिक गुणस्तर सुधारमा  सन्तोषजनक प्रगति नभएमा काज फिर्ता गर्न सकिनेछ साथै उत्कृष्ट कार्य गर्ने प्रधानाध्यापकलाई प्रोत्साहन गरिनेछ ।

## परिच्छेद - ६
## विविध

२५. **शिक्षक स्थानान्तरण वा पदस्थापना भएको विद्यालयमा जानु पर्नेः** यस कार्यविधि बमोजिम स्थानान्तरण वा दरबन्दी मिलान भई आएका वा पदस्थापना वा सरुवा भएका शिक्षकहरु प्रचलित कानुन बमोजिम तोकिएको समय भित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य हाजिर हुन जानु पर्नेछ ।

२६. **विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्नेः** यस कार्यविधि बमोजिम शिक्षक व्यवस्थापन भई आएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्ने र जसको जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

२७. **दरबन्दी मिलान सम्बन्धी व्यवस्थाः** विद्यालयको दरबन्दी मिलान सम्बन्धि कार्य प्रत्येक शैक्षिक सत्रको सुरुमा मात्र गरिने छ तर अत्यावश्यक परेमा जुनसुकै समयमा पनि दरबन्दी मिलान वा पदस्थापना वा शिक्षक व्यवस्थापन गर्न सकिनेछ ।

२८. **अमान्य हुनेः** यस कार्यविधिमा रहेका व्यवस्था प्रचलित ऐन तथा नियमावलीसँग बाँझिएमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२९. **कार्यविधि संशोधनः** यो कार्यविधिमा आवश्यकता र औचित्यको आधारमा नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

३०. **अधिकार प्रत्यायोजनः** यो कार्यविधिको कार्यान्वयनमा कुनै समस्या आइपरेमा बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकाको हुनेछ ।

**आज्ञाले,**
**श्री बखत बहादुर खड्का**
**प्रमुख प्रशासकीय अधिकृत**